मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ११८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत १ गते मंगलबार (Tuesday, March 15. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु**

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्याँस सिलिण्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुट्फुट भए, तुरुन्त मर्मत गरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएर हेरेर मात्र लिऔं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं ।
- सलाइ, लाइटर जस्ता प्रज्ज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## झापा गोल्डकप

# उपाधि आर्मीलाई

**बिर्तामोड, फागुन ३०।** डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मी क्लबले पाँचौं संस्करणको नेपाल आइस झापा गोल्डकपको उपाधि जितेको छ ।

सोमबार भएको फाइनल खेलमा घरेलु टोली झापा-११ लाई २-१ गोलले पराजित गर्दै आर्मीले उपाधि हात पारेको हो । जीतसँगै आर्मीले नगद १२ लाख ५५ हजार रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता भएको झापाले नगद छ लाख पाँच हजार रुपैयाँमा चित्त बुझाएको छ । आर्मीले यो सँगै चौथोपटक झापा गोल्डकपको उपाधि हात पारेको हो ।




आर्मीलाई उपाधि जिताउन टेकबहादुर बुढाथोकी र जर्जप्रिन्स कार्कीले गोल गरेका थिए । फाइनल खेलको १८औं मिनेटमा सुमन अर्यालको पासमा टेकबहादुर बुढाथोकीले गोल गर्दै आर्मीलाई शुरुवाती अग्रता दिलाए । अर्को गोल २१औं मिनेटमा जर्जप्रिन्स कार्कीले गरेका थिए । मैदानको मध्यभागबाट पेनाल्टी एरियामा पाएको बललाई गोलरक्षक अघि बढेको मौकामा उनले गोल गरे ।

तीन मिनेटभित्र दुई गोल खाएको झापाले त्यसपछि खेल नियन्त्रणमा लियो । उसले दोस्रो गोल खाएको तीन मिनेटमा एक गोल फर्कायो । झापाका विमल घर्तीमगरले हेडमार्फत गोल गरे । शिवे उल्रिचको क्रसमा उनले गोल गर्दै आर्मीसँग गोल अन्तर घटाए । फाइनल खेलको म्यान अफ द म्याच टेकबहादुर बुढाथोकी भए । उनले नौ हजार नौ सय ९९ रुपैयाँ पुरस्कार

(बाँकी अन्तिम पृष्ठमा)

# ज्येष्ठ नागरिक ऐन ओझेलमा

**काठमाडौँ, फागुन ३०।** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को कार्यान्वयनमा बेवास्था हुन थालेको छ । ऐनमा उल्लेख भएअनुसार सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी तथा चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने र भाडादरमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेपनि त्यसको कार्यान्वयनमा चासो नदिएको गुनासो बढेको छ ।

ऐन कार्यान्वयनमा आएको सात वर्षपछि सरकारले 'सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि,२०७०' मा ५० प्रतिशत छुटलाई कार्यान्वयनमा ल्याउन, सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचारमा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन ।



ऐनमा सार्वजनिक सवारीसाधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग उपलब्ध गराउनु सबैको कर्तव्य हुनेछ भनिएको छ । संविधानको धारा ४१ को ज्येष्ठ नागरिकको हकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष मदनदास श्रेष्ठले ऐनमा व्यवस्था भएको अधिकार नै कार्यान्वयन नभएकाले सरकारले नै पहल गर्नुपर्नेमा जोड दिए ।

उनले ज्येष्ठ नागरिकलाई भाडामा छुट दिनुपर्ने भएकोले गाडीमा चढाउन र भाडा छुट दिन आनाकानी गर्ने गरेकोसमेत गुनासो गरे । ज्येष्ठ नागरिकहरूले परिचयपत्रको आधारमा सार्वजनिक यातायातमा र सरकारी अस्पताल

(बाँकी अन्तिम पृष्ठमा)

## भारतीय नागरिक पक्राउ

**इनरुवा, फागुन ३० ।** सुनसरीमा मानव तस्करीको अरोपमा प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत, विहार राज्यस्थित सुपौलका ३२ वर्षीय मोहम्मद फिरोज रहेका छन् ।

प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीका अनुसार काठमाडौँको शङ्खरापुर नगरपालिकाकी २० वर्षीया युवतीलाई ललाइफकाई भारत लैजाने क्रममा फिरोजलाई पक्राउ गरिएको हो । सीमा प्रहरीचौकी भन्टाबारीको प्रहरी टोलीले उनलाई कोशी गाउँपालिका- ८ स्थित नेपाल र भारत सीमाबाट पक्राउ गरेको हो ।

फिरोज काठमाडौँमा घर बनाउने काममा संलग्न थिए । फिरोजले पीडितलाई विवाहको प्रलोभनमा पारेर भारत लैजान लागेको प्रहरी अनुसन्धानका क्रममा खुलेको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान थालेको छ ।

## लाइसेन्सको आवेदन बन्द

**काठमाण्डौ, फागुन ३० ।** सवारी चालक अनुमतिपत्र (लाइसेन्स) का लागि नयाँ आवेदन बन्द हुने भएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

**नशा तथा हाडजोर्नी लगायत समस्याको सफल उपचार**

हाडजोर्नी, नशाको सफल उपचार साथै ग्याष्ट्रिक, कब्जियत, महिलाको सेतो पानी जाने, पिनास, माइग्रेन आदिको अब थेरापीद्वारा उपचार बिर्ता आयुर्वेद एण्ड फिजियो थेरापी सेन्टर बिर्तामोडमा :

यहाँ इलेक्ट्रो थेरापी, म्यानुअल थेरापी, म्यानिपुलेसन थेरापी, एक्ससर्साइज थेरापी, आयुर्वेद, कपिङ्ग थेरापी, लेजर थेरापी, पञ्चकर्म, अकुपन्चर, मसाज थेरापी विधिद्वारा नशा च्यापिएको, कम्मर, गर्दन, घुडा जोर्नी दुख्ने, शरीर झम्झमाउने, लाटो हुने, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, युरिक एसिड, बाथ, प्यारालाइसिस (शरीरको वा दुबै भाग नचल्ने), मुख बाङ्गिएको, कुम जाम भएको, सर्जरी पश्चात् चाहिने रिह्याब, स्पोर्ट्स इन्जुरी साथै पाइल्स, फिसर, फिस्टुला, ग्याष्ट्रिक, कब्जियत, सुगर, प्रेसर, दम, खोकी, थाइराइड, जन्डिस, प्रोस्टेट, पिसाब पोल्ने, मृगौलाको पत्थरी, छाला सम्बन्धी समस्या, माइग्रेन, अनिद्रा, तनाब, महिला पुरुषका यौन समस्या, निमोनिया आदिको आयुर्वेदिक औषधिबाट सर्वसुलभ तरिकाले उपचार गरिन्छ ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
**अष्टाङ्ग आयुर्वेद फार्मेसी**
**अदुवा खोला पुल पश्चिम ठूलो सिसा भएको घर, हाइवे दक्षिण, बिर्तामोड झापा-राजगढ स्टेण्डबाट ५० मिटर दक्षिण**
**(फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६)**

*नोटः अफिस, सटीङ्ग, सुटीङ्ग, टेलरिङ्ग आदिको लागि उपयुक्त फ्ल्याट भाडामा छ । **फोन नं. ९८०६०३४४२६***

**LITTLE FLOWERS' ENGLISH SCHOOL**
**VACANCY ANNOUNCEMENT**

Little Flower's English School (LFES), is a leading educational institution in the Eastern Region of Nepal, founded in 1981 AD and located at Birtamod-4, Anarmani. It is a co-educational school, focussed on providing overall development of students through progressive and student-centric approach to teaching-learning activities.

We are inviting applications from well-qualified and dynamic candidates, possessing strong command over written and spoken English and having relevant years of working experience in the post applied for.

1. **Teacher for Smart Wing of LFES - 1**
   Qualification: Bachelor's degree with background of ECEC (Early childhood education and care)/Montessori/Progressive School.
2. **Primary School**
   Qualification: Bachelor's degree in related field
   - Block In-charge - 1
   - Grade Teacher - 1
   - Nepali Teacher - 1
3. **Lower Secondary School**
   Qualification: Bachelor's degree in related field
   - Block In-charge - 1
   - Social Studies Teacher - 1
   - Science Teacher - 1
4. **School Counsellor - 1**
   Trained or certified personnel to maximize student success, promoting access and equity for all students.

The remuneration, benefits are highly attractive and salary is no bar for deserving candidates, hence those meeting the criteria are highly encouraged to apply. Interested candidates can apply for the relevant post with an application, expected salary and updated CV to **vacancy@lfes.edu.np**, or alternately drop the application and CV in person at the School Office latest by **11th of Chaitra, 2078.** Only short-listed candidates will be contacted for the recruitment process.

**Little Flower' English School**
Birtamod-4, Jhapa, Nepal
Contact: 023-54017/ 540767 | www.lfes.edu.np



# कांग्रेस जिताऔं अभियान गाउँगाउँमा



**धुलाबारी, फागुन ३०।** स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेसले थालेको 'गाउँ-गाउँ जाऔं-कांग्रेस जिताऔं' अभियान अन्तर्गत सोमबार झापाको धुलाबारीमा अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै झापाका लागि खटिएका केन्द्रीय प्रतिनिधि उमेशजंग रायमाझीले अभियान एमसीसीकाबारे जनतामा रहेको भ्रम र यथार्थबारे जानकारी गराउन केन्द्रीत रहेको बताए। उनले स्थानीय निर्वाचन परिणामका लागि कांग्रेसको पक्षमा माहोल बनाउन, पार्टी कार्यकर्ताबीचमा एकता र ऊर्जा अभिबृद्धि गर्न, विधान बमोजिम कार्यविभाजन गरी सबै कार्यकर्तालाई जिम्मेवारी दिन, नेपाली कांग्रेसको नेतृत्वमा भएका राजनीतिक, आर्थिक उपलब्धिहरु जनता समक्ष पुऱ्याउन लगायतका लक्ष्यसहित अभियान थालिएको जानकारी दिए। आगामी चैत २९ गतेसम्म हुने अभियान अन्तर्गत जनताका घरदैलोमा पुगेर स्थानीय निर्वाचनमा आम मतदातालाई मतदान स्थलसम्म पुऱ्याउने लक्ष्य समेत अभियानको रहेको उनको भनाइ थियो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले गत फागुन ३ गते सम्पन्न बैठकबाटै नेपाली कांग्रेसको संगठन सुदृढीकरणका लागि वडा तहमा जिल्ला प्रतिनिधि खटाइसकेको जानकारी दिए।

महाधिवेशन प्रतिनिधि, सम्बन्धित क्षेत्रका जिल्ला सदस्य, वडामा खटिएका जिल्ला प्रतिनिधिहरु, क्षेत्र, प्रदेश क्षेत्र, गाउँ/नगर समितिका पदाधिकारी एवम् वडा सभापतिहरु र भातृ तथा शुभेच्छुक संघ-संस्थाका प्रमुखहरुको सहभागिता रहेको कार्यक्रममा कांग्रेसको इतिहास, विधानको व्यवस्था, कांग्रेस नेतृत्वको सरकारले गरेका काम र नेतृत्व एवम् संगठन सम्बन्धी विषयमा अन्तरक्रिया गरिएको थियो।

नेपाली कांग्रेस १ नम्बर क्षेत्रीय सभापति इन्द्र बुढाथोकीले अभिमुखीकरण कार्यक्रमको विषयवस्तुबारे प्रकाश पारेका थिए। कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराई र केशवराज पाण्डे, सचिव कृष्ण हुमागाँई लगायतका पदाधिकारी, सदस्यहरुको आतिथ्य रहेको थियो।

यसअघि झापा क्षेत्र नं. ३ र ५ मा यो अभियान सम्पन्न भएको छ भने झापा क्षेत्र नं. ४ र २ मा मंगलबार हुने नेपाली कांग्रेस झापाले जनाएको छ।

### भ्रममा नपरौं–थेवे

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले सुकुम्बासी समस्या समाधानका लागि आगामी चुनावमा कांग्रेसलाई जिताउन अपिल गरेका छन्।

नेपाली कांग्रेस अर्जुनधारा-१० को ५ नम्बर टोल समितिको आयोजनामा भएको कार्यकर्ता प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि थेवेले कम्युनिष्टहरुले २० बर्ष शासन गरे पनि विकास नभएको, सुकुम्बासी समस्या यथावत रहेको बताए।

टोल सभापति मनकुमार लिम्बूको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, पूर्व सचिव प्रेम सम्बाहाम्फे, जिल्ला सदस्य सरस्वती सिटौला, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, अर्जुनधारा नगर सभापति हेमराज खरेल, तिला राई लगायतले बोलेका थिए।

कार्यक्रममा नेकपा एमाले र माओवादी पार्टी परित्याग गरी तिला राईको नेतृत्वमा ३५ जना कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका थिए। कार्यक्रममा स्वागत खगेन्द्र सुवेदीले र सञ्चालन टीकाराम कलिङ्वाले गरेका थिए।

## लाइसेन्सको......

यातायात व्यवस्था विभागले सोमवार सूचना निकालेर अर्को सूचना नआएसम्मका लागि अनलाइन आवेदन बन्द गरेको जानकारी गराएको हो। अहिलेसम्म परेका अनलाइन आवेदनको टुङ्गो लगाउनुपर्ने भएकाले अनलाइन आवेदन बन्द गर्न लागेको विभागले जनाएको छ।

लाइसेन्सका लागि आवेदन धेरै परेकाले यस बेला अनलाइन आवेदन दिनेहरूलाई दुई वर्ष पछिसम्मको कार्यालय भिजिट समय प्राप्त हुने गरेको छ। कोरोना महामारीका कारण लामो समय लाइसेन्स परीक्षा रोकिँदा आवेदन दिनेहरूको चाप बढेको विभागले जनाएको छ।

## उपाधि.....

पाए। पुरस्कारको प्रायोजन युवा व्यवसायी श्याम प्रसाईंले गरेका हुन्।

प्रतियोगिताको 'मस्ट भ्यालुएबल प्लेयर' झापाका डिफेन्डर देबेन्द्र तामाङ भए। उनले यामाहा कम्पनीको एक थान मोटरसाइकल पाए। गोल्डकपको सर्वाधिक गोलकर्ता विमल घर्तीमगर हुँदै नगद २५ हजार प्राप्त गरे। उनले प्रतियोगितामा खेलेका तीन खेलमा पाँच गोल गरेका थिए। प्रतियोगिताको बेस्ट डिफेन्डर झापाका मनोज राई, बेस्ट मिड फिल्डर झापाकै आन्द्रेस निया, बेस्ट किपर आर्मीका विकेश कुथू र बेष्ट कोच आर्मीका नवीन न्यौपाने घोषित भए। उनीहरुले जनही २१ हजार रुपैयाँ पाए।

फागुन २१ गतेदेखि शुरु भएको झापा गोल्डकपमा भारतका दुई टिम, घरेलु टोली झापा-११ र सात वटा ए डिभिजन क्लबसहित दश क्लबको सहभागिता थियो। खेलमा भारतका मानेभञ्ज्याङ फुटबल क्लब, रेडपाण्डा फुटबल क्लब, घरेलु टोली झापा-११, आर्मी, नेपाल पुलिस क्लब, एपीएफ क्लब, संकटा क्लब, सात दोबाटो युथ क्लब, थ्रीस्टार क्लब र जावलाखेल युथ क्लबको सहभागिता थियो।

झापा गोल्डकप आयोजक समितिका अध्यक्ष विनोद बस्नेतले झापाको सानका रुपमा रहेको झापा गोल्डकप आयोजना गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए। उनले प्रतियोगिताबाट झण्डै ५० लाख रुपैयाँ बचत भएको आयव्यय सार्वजनिक गरे। फागुन २१ गते पूर्व प्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेको प्रतियोगिता कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले समापन गरेका थिए।

झापा गोल्डकप सफल बनाउन उल्येख्य सहयोग पुऱ्याएको भन्दै आयोजक समितिका सदस्य अर्जुनकुमार मैनली, कार्य समिति सदस्य प्रकाश शिवाकोटी, व्यवसायी दीपेश ढकाल, राजनीतिकर्मी लोकबन्धु कन्दङ्वा, जिल्ला प्रशासन कार्यालयका पूर्व प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना, कांग्रेस नेता, व्यवसायी चण्डीराज ढकाललाई सम्मान गरिएको थियो भने डोमालाल राजवंशीका नाति भीमबहादुर र नातिनी बुहारी ललिता राजवंशीलाई नगद ३० हजारसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

प्रतियोगिता समापनसँगै प्रतियोगिता हेर्न टिकट काटेर रंगशाला प्रवेश गर्ने मध्ये गोलाप्रथाद्वारा चित्रा गिरीलाई ३२ इञ्चको हिमस्टार टेलिभिजन प्रदान गरिएको थियो। बिर्तामोडस्थित महेन्द्ररत्न स्टोर बिर्तामोडका सञ्चालक प्रशान्त भण्डारीले उक्त टिभी हस्तान्तरण गरेका थिए।

यसैबीच सवारी पार्किङ गर्नेमध्ये एक जनालाई गोलाप्रथाद्वारा नगद दश हजार प्रदान गरिएको थियो।

## ज्येष्ठ.....

(स्वास्थ्य उपचारमा)मा ५० प्रतिशत छुट दिने व्यवस्थालाई व्यवहारिक रुपमै कार्यान्वयनमा ल्याइनुपर्ने माग गर्दै आएका छन्।

विगत ५/६ वर्षदेखि ७७ वटै जिल्लामा रहेका महिला बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण हुँदै आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जनाएको छ।

सरकारले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मात्र वृद्ध भत्ता दिने गरेकाले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत ज्येष्ठ नागरिएकको छ।


# Invitation For Electronic Bids
## Shree Kamala Madan Ashrit Smriti Secondary School
Kamal-2, Topgachhi, Jhapa.
Province no. 01, Nepal

***First date of publication: 2078/11/30 B.S.(2022/03/14)***

1. **Shree Kamala Madan Ashrit Smriti Secondary School** invites electronic bids from Nepalese eligible bidders for the Following Construction Works under National Competitive Bidding procedures.
2. The Eligibility criteria of Construction works should be as per SECTION III Clause 2.5

| Contract ID | Project Name | Estimated Amount With VAT and PS | Bid Security Amount (Nrs) | Bid Fee(NRs) |
|---|---|---|---|---|
| 1/SKMAM/NCB/WORKS/078/79 | Construction Of Shree Kamala Madan Ashrit Smriti Secondary School Building | 17678160 | 445000 | 3,000.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents can visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be download for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank: NMB bank**
Name of Office: Shree Kamala Madan Ashrit Smriti S.S.
Office Account No. : **0640079069800011 (*Antarik Rajjaswa*) (Bid Document Fee)**
**Name of the Bank : Rastriya Banjya Bank LTD** Name of Office: Kamala Madan Asrit Smrit U.Ma Office Account No. : **2140100000225001 (*Dhaurati Khata*) (Bid Security amount)**

5. Electronic bids must be submitted to through PPMO website www.bolpatra.gov.np/egp on or before 12PM on 2078/12/30 (2022/04/13). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1 pm 2078/12/30 (2022/04/13)** *at the office of* **Kamal Rural Municipality, Topgachhi jhapa.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting as per above table which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. If you have any inquiries, you may **contact 9842658448 and 023475200**



असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC COOP
प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

# कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

***प्रथमपटक प्रकाशित मिति : २०७८/१२/०१***

**यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनुपर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ। अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रक्रिया सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५० (पुनर्लेखन २०७७) र कर्जा सम्बन्धी आन्तरिक कार्यविधि २०७१ (संशोधन २०७८) समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।**

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम | जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीमती वसन्ती चौहान क्षेत्री | अर्जुनधारा-९ | प्रेमलाल कटुवाल | - | प्रताप मल्ल चौहान क्षेत्री | प्रताप मल्ल चौहान क्षेत्री | गणपति चौहान | शनिश्चरे-९ | २४३१ | ०-१-०-० | शनिश्चरे |
| २ | अर्पण राई | अर्जुनधारा-८ | चन्द्रबहादुर राई | देसबहादुर | - | अर्पण राई | चन्द्र बहादुर राई | पाराखोपी-९ | १८६४ | ०-०-१०-० | शनिश्चरे |
| ३ | शान्ति परियार | अर्जुनधारा-६ | बमबहादुर परियार | पञ्चबहादुर परियार | दलबहादुर ठटाल | गंगा परियार | पञ्चबहादुर परियार | शनिश्चरे-८ | ८३७६ | ०-०-१४-० | शनिश्चरे |
| ४ | श्यामकुमार पाठक | बिर्तामोड-७ | चन्द्रप्रसाद पाठक | हरिप्रसाद पाठक | पुष्पकला शिवाकोटी | श्यामकुमार पाठक | चन्द्रप्रसाद पाठक | गरामनी-२ | २६११ | ०-५-० | गरामनी |
| ५ | मोहितदिन महमद | बिर्तामोड-८ | छोटन महमद | नसिर महमद | सोफिया खातुन | मोहितदिन महमद | छोटन महमद | बिर्तामोड-८ | ४८३ | ११८.५२ ब.मी | गरामनी |
| ६ | अनिता राई | बिर्तामोड-१० | टेकबहादुर राई | लालबहादुर राई | अमर थापा | अनिता राई | टेक बा. राई | गरामनी-९ | ४९, ८१२,८१४ | १७२० व.मि., ४९२२ व.मि., १४४० व.मि. | सैनिकबजार |
| ७ | प्रकाश सुवेदी | भद्रपुर-१० | बोधराज सुवेदी | लक्ष्मी प्र.सुवेदी | - | माया देवि भट्टराई [redacted] | [redacted] | चन्द्रगढी-६ | ३१७८, | ०-१-०, | प्रधान कार्यालय |
| ८ | श्रीमाया धिमाल | बुद्द्शान्ति ३ | कन्तुलाल धिमाल | मोहनलाल धिमाल | भुजराज धिमाल | श्रीमाया धिमाल [redacted] | [redacted] | बुधबारे-९ | ८२९० | ०-६-०-० | बुधबारे |
| ९ | रबिलाल गजमेर | बुद्धशान्ति-२ | चन्द्रलाल बिश्वकर्मा | जहरसिंह बिश्वकर्मा | बिष्णुमाया गजमेर | रबिलाल गजमे [redacted] | [redacted] | बुधबारे-५ | १८६१ | ०-१-१-० | बुधबारे |
| १० | डम्बरबहादुर योङ्या | बुद्धशान्ति-३ | मान बहादुर योङ्या | इन्द्र बहादुर योङ्या | मनकुमारी लिम्बु योङ्या | मन कुमारी लिम [redacted] योङ्या | [redacted] | बुधबारे-९ | ७०८५ | ०-०-१०-० | बुधबारे |
| ११ | यज्ञकुमारी दहाल | मेचीनगर-११ | तोयानाथ दहाल | लक्ष्मीकान्त दहाल | भवानी शंकर पौडेल | भवानी शंकर पौ [redacted] | [redacted] | [redacted]-२ | ७१५ | ०-११-०-० | बुधबारे |
| १२ | बिनिता भट्टराई | बुद्धशान्ति-४ | नर बहादुर भट्टराई | | चेतन ढुङ्गेल | बिनिता भट्टराई [redacted] | [redacted] | [redacted] | ५५४ ८१९ | ०-११-१-०. [redacted] | बुधबारे |
| १३ | मनकुमार भट्टराई | बुद्धशान्ति-२ | प्रेम प्रसाद भट्टराई | प्रजापति भट्टराई | तुलसा देवी पोखेल | तुलसा देवी पोखे [redacted] | [redacted] | [redacted]-४ | २१०९ | [redacted] | बुधबारे |
| १४ | भवानी शंकर पौडेल | मेचीनगर-११ | अबिनारायण पौडेल | छविलाल पौडेल | यज्ञकुमारी दहाल | भवानी शंकर पौ [redacted] | [redacted] | [redacted]-२ | ७१५ | [redacted] | बुधबारे |
| १५ | भावना भट्टराई | मेचीनगर-११ | इन्द्र प्रसाद भट्टराई | | रोशन पौडेल | भवानी शंकर पौ [redacted] | [redacted] | [redacted]-२ | ७१५ | [redacted] | बुधबारे |
| १६ | रोशन पौडेल | मेचीनगर-११ | भवानी शंकर पौडेल | अबिनारायण पौडेल | भावना भट्टराई | भवानी शंकर पौ [redacted] | [redacted] | [redacted]-२ | ७१५ | [redacted] | बुधबारे |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. वित्तीय व्यवसाय उपसमि [redacted] ट्टा, झापा**



श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढका [redacted] न सहयोगी : भानुप्रसा [redacted] ादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी [redacted] ४०) ■ बजार व्य [redacted] (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष [redacted] विज्ञापन : ०२३-५३००४४ [redacted] al2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

## ढुवानी सहज गर

लामो दूरीको सामान ढुवानी गर्ने व्यवसायीहरुको संस्था ट्रक व्यवसायी संघमा आवद्ध ढुवानी व्यवसायीहरु सेवा ठप्प गरी आन्दोलनमा उत्रिएका छन् । पेट्रोलियम पदार्थमा आयल निगमले पटक–पटक मूल्य वृद्धि गरेको तर सरकारले विगतमा गरेको सहमति कार्यान्वयन नगरेकाले आफूहरु आर्थिक मारमा परेको भन्दै व्यवसायीहरुले ढुवानी ठप्प पार्दा बजारमा उपभोग्य वस्तुको अभाव हुने देखिएको छ । छोटो समयमै पटक–पटक गरेको मूल्य वृद्धिको अनुपातमा भाडादर नबढाएको भन्दै ट्रक व्यवसायीहरुले यसका कारण आफूहरु प्रत्यक्ष मारमा परेको गुनासो गरेका छन् । यातायात व्यवस्था विभाग र नेपाल ट्रक यातायात व्यवसायी महासंघका बीच यसअघि वैज्ञानिक प्रणालीका आधारमा निर्धारित भाडादरमा ट्रकहरु सञ्चालन गर्ने सहमति भएको तर त्यसको कार्यान्वयन नभएको पूर्वी नेपाल मेची ट्रक व्यवसायी संघका अध्यक्ष प्रेमकुमार बोहोराले बताएका छन् ।

सरकारको मध्यस्थतामै भएको वार्ता र सहमति कार्यान्वयन नहुँदा मारमा परेको भन्दै शनिबारदेखि सेवा बन्द गरेका व्यवसायीहरुले लोडिङ/अनलोडिङ सम्बन्धी कुनै पनि गतिविधि नगर्ने जनाएका छन् । व्यवसायी र संघका पदाधिकारीहरु बीच भएको छलफलपछि उनीहरुले सीमा क्षेत्रको सत्र किलोमिटरसम्म मात्र भारतीय सवारीलाई प्रवेश दिनुपर्ने माग अघि सारेका छन् । मूल्य वृद्धिका आधारमा ढुवानी सवारीसाधनमा पनि भाडा समायोजन हुनुपर्ने, कानूनले निर्धारण गरेको भारवहन क्षमतालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने, भारतर्फ हुने पेट्रोलियम पदार्थको तस्करी रोकिनुपर्ने लगायतका माग उनीहरुको छ । आउँदो चैत ६ गतेसम्मका लागि ढुवानी सम्बन्धी सबै गतिविधि ठप्प पारेर आन्दोलित व्यवसायीहरुका उचित र जायज माग तत्काल सम्बोधन गरिएन भने एकातिर उपभोग्य वस्तुको अभाव हुनेछ भने अर्कातिर मूल्यवृद्धिले अझै उचाइ लिने छ ।

त्यसै पनि पेट्रोलियम पदार्थमा हामी पूर्णतः परनिर्भर छौं । यसको मूल्य अन्तर्राष्ट्रिय बजारमा फेरबदल भइरहन्छ । बढेको मूल्य मै भए पनि आयात गर्नुपर्ने सरकारलाई बाध्यता छ । यसका कारण बर्षेनि अर्बौं रुपैयाँ विदेशिने गरेको छ । पेट्रोलियम पदार्थको खपत कति उत्पादक छ त्यसको लेखा सरकारले गरेको छैन । देशमा धेरै राजश्व संकलन हुने दशवटा वस्तुको सूचीमा पेट्रोलियम पदार्थ पहिलो हो । त्यस्तै पेट्रोलियम पदार्थ उपभोग हुने सवारीहरुको खुल्ला आयातले पनि देशको अर्थतन्त्रलाई उल्टो बाटोमा हिंडाएको छ । यस्ता वस्तुको आयात, प्रयोग र संकलन देशको हितमा छ/छैन हेर्ने निकाय सरकार नै हो । त्यस्तै आफ्नो निर्णयले व्यक्ति, संस्था र राष्ट्रको समृद्धिमा पार्ने प्रभावको मूल्याङ्कन गर्ने र अनुकूल बनाउने संस्था पनि सरकार नै हो । त्यसैले ढुवानी व्यवसायीको पीडा सरकारले बुझ्नै पर्छ ।

# यूट्युवले ल्याएको तरंग र नियमनका कुरा



विमल लामिछाने

पछिल्लो समय यूट्युब च्यानलको खेती मौलाएको छ भने प्रश्नको घेरा पनि उत्तिनै कोरेको छ । नेपालमा सूचना प्रविधिको विकास तीव्र गतिमा अघि बढेको छ । अहिले भइरहेको प्रविधिको गुणात्मक विकासले हाम्रो चेतना र त्यसको व्यवहारिक प्रयोगमा पूर्ण परिवर्तन हुँदै गइरहेको महशुस हामी सबैलाई हुन्छ । भाषा, लेखन वा अधिरचानाका अन्य क्षेत्रहरूको हरेक परिवर्तनले मात्रात्मक प्रभाव पार्दै सुधारकै प्रतिनिधित्व गरेको हुन्छ । तर, तत्काल महशुस गर्न सकिन्न । बेला-बेलामा सामाजिक सञ्जालको प्रयोग, रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन जस्ता मिडिया हाउसको विकास र आमसञ्चारका माध्यमको प्रयोग आवश्यकभन्दा पनि बढी नै भएको जस्तो लाग्छ ।

तीव्र रुपमा खुल्ने गरेका सञ्चारमाध्यम आफैंमा चुनौति पनि देखिन्छ । हाम्रासामू च्याउ जस्तै उम्रने मिडिया हाउसको संरक्षण तथा दिगोपना र त्यसमा काम गर्ने श्रमजीवी पत्रकारको पेशा तथा रोजगारी र दक्षता माथि बेला-बेलामा उठ्ने प्रश्नले समस्या निम्ताएको देखिन्छ । बडो तामझामका साथ खुलेका मिडियाहरु बीच यात्रामै विश्राम लिएका उदाहरण हामी समक्ष प्रशस्त छन् । त्यसैले मिडियाको विकासलाई रोक्नुभन्दा दिगोपना बनाउनु सरकारको पनि जिम्मेवारी हो । दिनहुजसो सञ्चारमाध्यम खुल्दै जानु, नयाँ र तामसी पत्रकारहरुको संख्या बढ्दै जानुले नेपालमा पत्रकारिता कता जाँदैछ भन्ने प्रश्न पनि उठ्ने गर्दछ । संख्यात्मक विकासले मात्र पर्याप्त हुँदैन यसका साथै दक्षताको पनि गुणात्मक विकास गर्न उत्तिकै जरुरी छ ।

पछिल्लो समय जसले जे पनि भिडियो बनाएर युट्युबमा राखिदिने क्रम बढेको छ । सामान्य घर झगडामा पनि युट्युबर पुग्ने र सामान्यलाई पनि थप मलजल गर्न मसला थप्ने काममा यूट्युबर सक्रिय रहेका कयौं उदाहरण छन् । अथवा मिलाउनभन्दा पनि भिडाउन लागीपर्ने र आफ्नो च्यानलको लाइक र भिवर्सलाई मात्रै प्राथमिकतामा राखेर गरिने अराजकपूर्ण प्रचारले बजार पाइरहेको छ । यसले समाजलाई कतातिर धकेलिरहेको छ भन्ने मुख्य प्रश्न हो । अपराध भएका ठाउँमा पुलिसभन्दा पहिले पुगेर युट्युबरले छानविन गरिसक्छन्, पुलिसले यता मुचुल्का पनि उठाइसकेको छैन, उता युट्युबरले फैसला नै गरिदिइसक्छन् । यो अराजक शैलीको अर्नगल प्रचार भाँडभैलोको नमूना जस्तै भएको छ ।

एकातिर युट्युब मिडियाहरुले पस्कने अतिरञ्जनासहितको बेतुके खबरले जगत हँसाइरहेको छ भने अर्कोतिर के भन्दा चाहिँ धेरैभन्दा धेरैले त्यो हेर्छन् अनि आफ्नो भ्यूज बढ्छ । त्यस्तै त्यस्तै बेतुकका शीर्षक राखेर अतिरञ्जनासहित खबर सम्प्रेषण गरिरहँदा विपद्को बेलामा जनताहरु थप अन्योलमा हुने र झन् डर तथा चिन्ता थपिने गर्दछ । यसको मतलव यूट्युबमा आउने सबै सामग्री गलत नै हुन्छन् भन्ने चाहिँ होइन ।

पत्रकारले सधैं तथ्यको नजिक पुग्न प्रयास गरेको हुन्छ । घटना वा विषयवस्तुको सबभन्दा नजिक कसरी पुग्ने ? सत्य र निष्पक्ष समाचार कसरी सम्प्रेषण गर्ने ?





पत्रकारको ध्याउन्न त्यतातिर हुनुपर्ने हो । त्यसैगरी मुलुकमा भइरहेका विद्यमान विकृति र विसंगतिको खबरदारी गर्नु र विकृति, विसंगति वा राम्रा कुरा बाहिर ल्याउनु नै पत्रकारको कर्तव्य पनि हो । तर, हामीकहाँ अस्वस्थ प्रतिष्पर्धाको ट्रेनले घर गरिसकेको छ । यसमा ठूला भनिएका मिडिया पनि अछुतो छैनन् । प्रतिष्पर्धा त स्वस्थ र तथ्यमा आधारित हुनुपर्ने हो । तर, घटना हुनु अगावै हामीलाई समाचार लेख्ने होडबाजी हुन्छ । विशेषतः यो होडबाजी रेडियो र टेलिभिजनमा बढी लागू हुन्छ, पछिल्लो समय अनलाइनहरुले यो प्रथालाई टपक्क टिप्न थालेको पाउन सकिन्छ । त्यो भन्दा पनि अझ हतारो यूट्युबरलाई छ । यहाँ त भिवर्स र डलरसँग गाँसिएको विषयले पनि हतारो थपेको छ ।

सन् २००५ मा नै 'चेड हर्ली, स्टिब चेन अनि जावेद कारिम' नामक एप्पल कम्पनीका दिग्गज आइटी इञ्जिनियरहरुको संयुक्त पहलकद्मीमा यसको शुरूवात अथवा आविष्कार भएको मानिन्छ । फेब्रुअरी १४ अर्थात् प्रणय दिवसका दिन डेटिङ साइटका लागि बनाइएको यस साइटले पनि स्थापनाको छोटो समयमै आफ्नो विकासमा छलाङ नै मारेको छ । स्थापना कै १८ महिनापश्चात गुगलले यो खरिद गरेपश्चात यसले दिन दुई गुणा, रात चौगुणा व्यापकता पाएको अन्तर्राष्ट्रिय मिडियाहरुले लेखेका छन् । एक अध्ययन अनुसार हाल युट्युबमा दैनिक सरदर एक करोड भिडियो अपलोड हुने गर्दछ भने हाल यसको प्रयोगकर्ता डेढ अर्बभन्दा माथि रहेको न्यूज एजेन्सीहरुले उल्लेख गरेका छन् ।

यही हतारोका विचको दौड चलिरहेकै बेला नेपालमा राष्ट्रिय प्रसारण नियमावली २०५२ को ११औं संशोधन भयो । यो नियमावली अनुसार अब युट्युब च्यानल पनि दर्ता गर्नुपर्ने र यसका लागि पाँच लाख रुपैयाँ लाग्ने भन्ने खबर बाहिर आइसकेका छन् । यस्तोमा युट्युबरहरूको चर्तिकलाले वाक्क भएकाहरू खुशी हुनु र युट्युबरहरू दुःखी हुनु सामान्य कुरा हो । तर, के सरकारले साँच्चै नै युट्युब च्यानल दर्ता गर्न बाध्य बनाउन सक्ला या नसक्ला त्यो अलग कुरा हो । तर, युट्युबले ल्याएका भनिएका विकृतिहरू पूरै रोकिएला त भन्न सकिन्न । युट्युब च्यानल चलाउनेले पाँच लाख तिरेर दर्ता गर्नुपर्ने नियमनले सञ्चार क्षेत्रको छाडातन्त्रलाई केही हद नियन्त्रण भने अवश्य गर्ला भन्ने अपेक्षा अवश्य गर्न सकिन्छ । एकातिर सञ्चार क्षेत्रमा विकृति भयो भनेर पनि कराउने अनि नियमन गर्न सरकारले खोज्दा पनि स्वतन्त्रताका नाममा डम्फू बजाउनु चाहिँ गलत हुन जान्छ ।

अर्कोतर्फ स्वतन्त्रताका नाममा गरिने पत्रकारिता भनेको केवल सतही समाचार बेचेर जिविका चलाउने किसिमको मात्रै अहिले भइरहेको छ । नयाँ प्रविधिले सृजना गरेको आजको विशेष अवस्थामा परम्परागत सञ्चारमाध्यमले मिसन बिर्सियो भने यसको अस्तित्व रहन्न । अब स्वतन्त्रका नाममा जिविका निर्वाह गर्ने प्रक्रियाबाट पनि होइन, हरेक वस्तुको घनिभूत अध्ययन गर्ने आदि, मध्य र अन्त्यको वृत्तशृंखलाको खाका तयार गर्ने र आमूल परिवर्तनका लागि जनताको बीचमा पुग्ने अनि समाज परिवर्तनको चित्र बोक्ने पत्रकारिता आवश्यक छ ।

तसर्थ, बृहत प्रजातान्त्रिक मूल्य-मान्यता, मानवीय हित र स्वतन्त्रताका पक्षमा मिसन पत्रकारिता गरिनुपर्छ । तर, केवल डलर कमाउने हेतुले निहित स्वार्थका लागि वा व्यापारिक हितमात्र सम्झिएर गरिने पत्रकारिता सही हुँदैन, यसलाई स्वीकार गर्न सकिन्न । अब, पत्रकारहरुका साझा संस्थाको नेतृत्व गर्नेहरुले पनि हामीले किन पत्रकारिता गर्ने, हाम्रो मिसन के हो भन्ने विषयमा प्रष्ट हुनैपर्ने बेला आएको छ । समाज वर्गीय छ, वर्गीय समाजमा मान्छेको चरित्र पनि वर्गीय नै हुन्छ । अनि वर्गीय समाजमा पत्रकारिताको स्वरुप र शैली पनि स्वभावैले वर्गीय नै हुन्छ । समाजको चरित्र अनुसार पत्रकारिताको पनि चरित्र निर्धारित भइरहेको हुन्छ । समाजमा रहेका वर्गहरूको प्रतिनिधित्व स्वभाविक रूपमा पत्रकारितामा नपर्ने भन्ने कुरै हुँदैन ।

हामीले इतिहासमा देखेका छौं बूर्जुवा समाजमा पत्रकारिता बूर्जुवा चरित्रको र कस्मेटिक हुने गरेको छ । समाजवादी समाजमा पत्रकारिताको चरित्र पनि क्रान्तिकारी हुन्छ र परिर्वतनको संवाहक नै हुने गर्दछ । यसको अर्थ पत्रकारिता स्वतन्त्र हुँदैन भन्ने चाहिँ होइन, के मिसन पूरा गर्न पत्रकारिता गरिँदैछ त्यो महत्वपूर्ण हो । मिसनका नाममा हुने अराजक पत्रकारितालाई भने सरकारले कडाइका साथ मूलधारमा ल्याउनैपर्छ ।

सामाजिक सञ्जालले पनि आफ्नो परिधि नाघ्न भएन । भ्रामक खबर सम्प्रेषण गर्ने च्यानलहरुको प्रकाशन/प्रशारण तुरून्तै बन्द गरिदिनुपर्छ र त्यस्ता खबर दिने एड्मिनहरुलाई कारवाहीको दायरामा ल्याउन कानून बनाएर भए पनि यस्ता गलत कामलाई निरूत्साहित गर्न सक्नुपर्छ ।

## अधिकारी वंश प्रतिष्ठानमा पुन: नरेन्द्रकुमार



□ होमप्रकाश अधिकारी

**झापा, फागुन ३०।** कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठानको अध्यक्षमा पुनः नरेन्द्रकुमार अधिकारी निर्विरोध निर्वाचित भएका छन् ।

प्रतिष्ठानको फागुन २७ र २८ गते बुटवलको विश्व हिन्दू महासंघको सभामलमा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनबाट नरेन्द्रकुमार केन्द्रीय समितिको अध्यक्षमा चयन भएका हुन् । त्यस्तै उपाध्यक्षमा झापाका भीमप्रसाद अधिकारी, महासचिव चिरञ्जीवी अधिकारी, सात प्रदेशबाट उपाध्यक्षहरु १ नं. प्रदेश शान्तिबहादुर अधिकारी, गोविन्दप्रसाद अधिकारी (मधेश प्रदेश), मीठाराम अधिकारी (वाग्मती प्रदेश), सीताराम अधिकारी (गण्डकी प्रदेश), विनोदकुमार अधिकारी (लुम्बिनी प्रदेश), जयनारायण अधिकारी (सुदुरपश्चिम प्रदेश) र हेमराज अधिकारी (कर्णाली प्रदेश) चयन भएका छन् । त्यसैगरी सचिव निर्मलकुमार अधिकारी (झापा), सहसचिवद्वय पुष्पा अधिकारी (रुपन्देही) र गायत्री अधिकारी ( बर्दिया) चयन भएका छन् भने कोषाध्यक्ष निमेश अधिकारीबाट चयन भएका छन् ।

समितिको केन्द्रीय सदस्यहरुमा गुरुप्रसाद अधिकारी (मोरङ), दिनेश अधिकारी (ताप्लेजुङ), गणेश अधिकारी (रुपन्देही), तुलसीराम अधिकारी (म्याग्दी), रामचन्द्र अधिकारी ( रामेछाप), खुमान्द अधिकारी (सल्यान), सीताराम अधिकारी (धादिङ), शंकरनाथ अधिकारी (सिन्धुली), लक्ष्मीदेवी अधिकारी ( झापा), नित्यानन्द अधिकारी (पाँचथर), चन्द्रमणि अधिकारी (झापा), गोविन्द अधिकारी (पर्वत), होमप्रसाद अधिकारी (पर्वत), जंगबहादुर अधिकारी (झापा) र हिमलाल अधिकारी (स्याङ्जा) निर्वाचन भएका छन् ।

छैटौं महाधिवेशन अध्यक्ष नरेन्द्रकुमार अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको प्रमुख अतिथि संस्थापक अध्यक्ष खेमराज अधिकारी रहेका थिए । कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष भीमप्रसाद अधिकारीले गरेका थिए ।

कार्यक्रममा पूर्व सांसद महासंघका सचिव सभासद शंकरनाथ अधिकारीले कश्यप गोत्रीय अधिकारीहरुको वंशावली विद्युतीय माध्यमबाट प्रकाशन गर्नुपर्ने धारणा राखेका थिए । उनले यस्तो कार्य गर्नका लागि आफ्नो एक वर्षको वृद्ध भत्ता वापतको रकम प्रतिष्ठानलाई प्रदान गर्ने घोषणा गरेका छन् । त्यसैगरी पूर्व सभासद बलराम अधिकारी, कपिलवस्तु शिवराज नगरपालिकाका नगर प्रमुख नेत्रराज अधिकारी, मीठाराम अधिकारी, टेकराज अधिकारी, गिरीराज अधिकारी, हरि अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

देश-विदेशबाट पाँच सयभन्दा बढीको अधिकारी बन्धुहरुको सहभागितामा सम्पन्न कार्यक्रममा झापा जिल्लाको कोटीहोममा अवस्थित केन्द्रीय कार्यालयको भवन रहेको जग्गादाता जगबहादुर अधिकारी पूर्व सभासद बलराम अधिकारी, शंकरनाथ अधिकारी, एकल महिला मीना अधिकारी लगायत विभिन्न विधामा रहेर वंश प्रतिष्ठानको उत्थानका निम्ति उत्कृष्ट कार्य गर्ने बन्धुहरुलाई सम्मान गरिएको थियो । कार्यक्रम समितिका महासचिव शेखरनाथ अधिकारी र केन्द्रीय सदस्य सीताराम अधिकारीले सञ्चालन गरेका थिए ।

## खेलकुद महासंघ कनकाई अध्यक्षमा सुवेदी





**सुरुङ्गा, फागुन ३०।** नेकपा एमालेको भातृ संगठन नेपाल खेलकुद महासंघको कनकाई नगर अध्यक्षमा गोविन्द सुवेदी सर्वसम्मत चयन भएका छन् ।

'खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार' नारासहित सम्पन्न कनकाई उद्योग वाणिज्य संघको सभाहलमा भएको प्रथम नगर अधिवेशनबाट सुवेदीको नेतृत्वमा ७१ सदस्यीय नगर कमिटी गठन गरिएको हो ।

कनकाई खेलकुद प्रतिष्ठान (कासा)का कार्यसमिति सदस्य, पुकार अपाङ्ग अशक्त सेवा समाजका सचिव, फ्रेन्ड्स् ग्रुप नेपाली मञ्च नेपालका केन्द्रीय सचिव लगायतका विभिन्न सामाजिक संघ-संस्थामा रही जनसेवामा समर्पित रहेका सुवेदी कनकाई नगर क्षेत्रमा युवामाझ अति नै लोकप्रिय मानिन्छन् ।

हाल सुवेदी एमाले कनकाई ३ नम्बर वार्डको सहसचिवको भूमिकामा समेत रहेका छन् । कोभिड-१९ महामारीको समयमा उनले व्यक्तिगत पहलमा खाद्यान्न, रिचार्ज वितरण तथा भारत लगायतका देशबाट फर्कनेहरूलाई घरसम्म सुरक्षित अवस्थामा पुऱ्याउने, विभिन्न सार्वजनिक भवनमा क्वारिन्टिनमा राखिएकालाई आवश्यक सहयोग गरेका थिए । नगर महासंघको उपाध्यक्षमा चेतराज श्रेष्ठ, सचिवमा सागर सुब्बा, सहसचिवमा शुक्रराज भण्डारी र अर्जुन चौधरी तथा कोषाध्यक्षमा सीता राई चुनिएका छन् ।

युवा नेता एवम् खेलकुद महासंघ कनकाईको इञ्चार्ज पूर्ण लिम्बूको सभापतित्व र नेपाल खेलकुद महासंघका प्रदेश अध्यक्ष राजकुमार थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा एमाले जिल्ला सदस्य ओमप्रसाद पाठक, सामाजिक व्यक्तित्व श्याम ओली, नगर उपाध्यक्ष विनोद राना, नगर सहसचिव दीपक चापागाँई, एमाले नेतृ सीता बस्नेत, युवा नेता छवि थपलिया, कनकाई नगरपालिका वार्ड नं. ४ अध्यक्ष गोविन्द्रसाद पौडेल, ८ नं. प्रेम कटुवाल लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा एमाले क्षेत्र नं. ४ का इञ्चार्ज एवम् प्रदेश सांसद हिराकुमार थापा, एमाले जिल्ला सदस्य तुलाराम बस्नेत, पार्टीका कनकाई नगर इञ्चार्ज रविन्द्र लम्साल, कनकाई नगर अध्यक्ष खड्ग प्रसाई, एमाले झापा गाउँपालिका अध्यक्ष गजेन्द्र ताम्ली, महासंघका केन्द्रीय सदस्य सुनिल भेटवाल लगायतले शुभकामना मन्तव्य राखेका थिए । नेपाल खेलकुद महासंघ झापा अध्यक्ष भवानी बरालले स्वागतको कार्यक्रमको सञ्चालन एमाले युवा नेता तथा कनकाई नगर २ नम्बर वार्ड परिषद् सदस्य प्रताप राईले गरेका थिए ।

## 'डबल सुब्बा'को शालिक अनावरण



**अर्जुनधारा, फागुन ३०।** अर्जुनधारा-३ स्थित वडा कार्यालयको परिसरमा नवनिर्मित स्व. खड्गबहादुर नेम्वाङ 'डबल सुब्बा'को शालिकको आइतबार एक कार्यक्रमकोबीच अनावरण गरिएको छ ।

साविक खुदुनावारी गाउँ विकास समितिलाई निःशुल्क १० का जग्गा प्रदान गर्ने जग्गादाता नेम्वाङको अर्धकदको शालिकको कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले अनावरण गरेका थिए । समितिका अध्यक्ष जीवकुमार भण्डारी 'जीवन'को अध्यक्षतामा आयोजित कार्यक्रममा जग्गादाता नेम्वाङको व्यक्ति परिचय बाबुराम बुढाथोकीले गरेका थिए ।

कार्यक्रममा अर्जुनधारा-२ वडा समितिका अध्यक्ष रघुनाथ खनाल, साविक खुदुनावारी गाविसका उपाध्यक्ष नरबहादुर कन्दङ्वा, नेपाली कांग्रेस नगर सभापति हेमराज खरेल, नेकपा एमाले नगर अध्यक्ष लोकमान श्रेष्ठ, एकीकृत समाजवादी वडाका अध्यक्ष लक्ष्मी शर्मा, राप्रपाका प्रतिनिधि इन्द्रबहादुर बुढाथोकी, राजमुपाका प्रतिनिधि मीना पन्धाक, दाता परिवारका सदस्य खगेन्द्रविक्रम नेम्वाङ लगायतले मन्तव्य व्यक्त गरेका थिए । समितिकी सदस्य दिलमाया दासले स्वागत गरेको कार्यक्रमको सञ्चालन वडा सचिव खगेन्द्र लिङ्देनले गरेका थिए ।

